# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

## गण्डकी प्रदेश, पोखरा

आ.व. २०७६/०७७ को प्रगति प्रतिवेदन

श्रावण, २०७७

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

## गण्डकी प्रदेश, पोखरा

आ.व. २०७६/०७७ को प्रगति प्रतिवेदन

श्रावण, २०७७

**प्रकाशक**

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**

गण्डकी प्रदेश, पोखरा

© **सर्वाधिकारः** प्रकाशकमा सुरक्षित

फोन नं : ०६१–५२०१४६

इमेलः academy.gandaki@gmail.com

वेवसाइटः www.gpta.org.np

मुख्यमन्त्री

माननीय मुख्यमन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# शुभकामना

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश र स्थानीय सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार एवं शासकीय क्षमताको अभिवृद्धि गर्ने मुख्य अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भई कार्य प्रारम्भ गरेको केवल चार महिना पुगेको छ । यति छोटो अवधिमानै प्रतिष्ठानले आ.व.२०७६/७७ का लागि लक्षित कार्यक्रम कार्यान्वयन गरी यो प्रतिवेदन सार्वजनिक गर्न सक्षम भएकोमा म प्रतिष्ठान परिवारलाई बधाई तथा शुभकामना दिन चाहान्छु ।

कोरोनाको महामारीका बाबजुद पनि कार्यालय स्थापना, कार्य सञ्चालनका लागि आवश्यक न्यूनतम कर्मचारीको प्रबन्ध, प्रतिष्ठान ऐनले प्रबन्ध गरेका प्रशिक्षण परिषद् र कार्यकारी समितिका बैठकको आयोजना, प्रतिष्ठानको रणनैतिक योजनाको मस्यौदा तयारी र विज्ञसँगको छलफल, प्रतिष्ठानका प्रचार प्रसार सामग्रीको निर्माण, प्रशिक्षणको तयारी, प्रतिष्ठानको नियमावलीको तर्जूमा र अन्य संस्थागत पूर्वाधार निर्माण जस्ता कार्यहरू सम्पन्न गर्न प्रतिष्ठान सफल भएकोमा खुशी व्यक्त गर्न चाहान्छु ।

गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र परामर्श सेवाको माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि गरी सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि एउटा उत्कृष्ट प्रतिष्ठानका रुपमा स्थापित भई आफ्नो उद्देश्य प्राप्तिमा प्रतिष्ठान सफल रहने कुरामा मैले विश्वास लिएको छु । पहिलो वर्षको छोटो अवधिको अनुभवलाई समेत आत्मसात गरी आगामी दिनका क्रियाकलाप कार्यान्वयका लागि प्रतिष्ठान निरन्तर क्रियाशिल रहन सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

श्रावण, २०७७

पृथ्वी सुब्बा गुरुङ

# दुई शब्द

मानव संसाधन विकास, क्षमता विकास र शसक्तिकरणको एउटा महत्वपूर्ण औजारको रुपमा आज पनि प्रशिक्षणको महत्वपूर्ण स्थान रहि आएको छ । संघीयताको कार्यान्वयन, विभिन्न तहका सरकार र तिनका अधिकार क्षेत्रका संवैधानिक व्यवस्थाले निर्वाचित पदाधिकारी र कर्मचारीहरूका लागि क्षमता विकासका कार्यक्रमहरूको आवश्यकतालाई झनै बढाईदिएको छ। यसै परिप्रेक्ष्यमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश सरकारका विकास र सुशासन प्रवर्द्धनका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, अध्ययन अनुसन्धान र वहसका माध्यमबाट नयाँ ज्ञानको सिर्जना वा भईरहेको ज्ञानका क्षेत्रमा थप योगदान गर्ने अभिप्रायले गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ जारी गरी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरेको हो । यो संघीयताको कार्यान्वयनसँगै गण्डकी प्रदेश सरकारले लिएको एउटा महत्वपूर्ण अग्रसरता पनि हो ।

२०७६ साल फागुन २८ गते कार्यकारी निर्देशकको नियुक्ति पश्चात प्रतिष्ठानका क्रियाकलापको औपचारीक सुरुवात भएको हो । पहिलो कार्यकारी निर्देशकका रुपमा प्रतिष्ठानको जिम्मेवारी सम्हाल्ने अवसर प्रदान गर्ने गण्डकी प्रदेश सरकार प्रति म हार्दिक आभार व्यक्त गर्न चाहान्छु । प्रतिष्ठानको पहिलो वार्षिक प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुसी लागेको छ ।

आर्थिक वर्षको अन्तिम चौमासिकबाट सुरु भएको प्रतिष्ठानले चार महिनाको समयावधिमा उपलब्ध आर्थिक तथा मानविय श्रोतको अधिकतम प्रयोग गरी कार्यालय स्थापना, कर्मचारीको प्रवन्ध, मेशिनरी र अन्य उपकरण खरीद, प्रतिष्ठानको रणनैतिक र वार्षिक योजना तर्जुमा, प्रचारप्रसार सामग्री प्रकाशन, कार्यालयका संरचनाको मर्मत संभार, प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना जस्ता संस्थाका आधारभूत कार्य सम्पन्न गर्न सक्रिय रुपमा संलग्न रहेकोमा प्रतिष्ठानमा कार्यरत सम्पुर्ण कर्मचारी प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रतिष्ठानलाई दिशानिर्देश गर्नुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ, प्रदेश सरकारका प्रमुख सचिव श्री हरी प्रसाद वस्याल, मुख्य मुख्य न्यायाधिवक्ता डा. राजेन्द्र घिमिरे, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेल, सचिव श्री गणेश प्रसाद पाण्डेय, कानुन सचिव श्री दल बहादुर अधिकारी लगाएत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत सबैजना प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

ऋषिराम पाण्डे<br>
कार्यकारी निर्देशक

# सारांश

प्रदेश सभाबाट मिति २०७५ साल चैत्र ११ गते गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन जारी गरी मिति २०७६ फागुन २८ मा प्रदेश सरकारबाट कार्यकारी निर्देशकको नियुक्ति पश्चात औपचारीक रुपमा सुरु भएको संस्थाले आर्थिक वर्षको अन्तिम चौमासिकको वरीपरि सुरु भएको कोरोना भाइरसको महामारीको बावजुद संस्थागत विकासका केहि महत्वपूर्ण कार्य सम्पन्न गरेको छ। कार्यालय व्यवस्थापन, प्रतिष्ठानको सर्वोच्च निकाय प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना, कर्मचारी व्यवस्थापन, कार्यालयको मर्मत संभार र सार्वजनिक निर्माण, रणनैतिक तथा वार्षिक योजना र कार्यक्रम तर्जुमा, प्रतिष्ठानका प्रचारप्रसार सामग्रीको प्रकाशन र website को निर्माण, सवारी साधन एवम् मेशिनरी तथा औजारको खरीद आदि बन्दाबन्दीको समय सदुपयोग गरी सम्पन्न भएका उल्लेखनीय कार्यहरू हुन् ।

देशमा उत्पन्न विषम परिस्थितिका कारण प्रदेश र स्थानीय तहका लागि आवश्यक प्रशिक्षण कार्यक्रम आयोजना गर्ने वातावरण नभएको भएता पनि प्रशिक्षण र अनुसन्धान कार्य सञ्चालनका लागि संस्थाको पूर्व तयारीको कार्य यस अवधिमा सम्पन्न भएको छ । प्रतिष्ठानको नियमावलीको तर्जुमा, रणनैतिक योजनाको मस्यौदा तयारी र विज्ञसँगको छलफल, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको मस्यौदा निर्माण, आगामी आ.व.को वार्षिक कार्यक्रम तर्जुमा आदि आर्थिक वर्षको छोटो समयमा सम्पन्न भएका थप महत्वपूर्ण कार्य हुन् । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्र (PCGG) मार्फत सञ्चालन गरिने कार्यक्रमको योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन कार्ययोजना एवम् सो कार्यक्रमका लागि खटिई आउने कर्मचारीको व्यवस्थापन, प्रशिक्षण कार्यक्रमका पाठ्यक्रम निर्माण र अन्य नीतिगत तयारी जस्ता कार्यले प्रतिष्ठानका आगामि कार्यक्रमहरूलाई अगाडी बढाउन सहयोग गर्नेछन् ।

प्रतिष्ठानका लागि आवश्यक न्यूनतम कर्मचारी, कार्यस्थल र प्रशिक्षण हलको प्रवन्ध, प्रतिष्ठानको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी कर्मचारीको व्यवस्था, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि कर्मचारीको व्यवस्था र कार्यस्थलको प्रवन्ध आदि प्रतिष्ठानका क्रियाकलापलाई गति दिनका लागि तत्काल अगाडी बढाउनु पर्ने कार्यहरू हुन् ।

# विषय सूची

**परिच्छेद–१ परिचय** १
१.१ पृष्ठभूमी १
१.२ क्षमता विकासको वर्तमान अवस्था ५
१.३ प्रतिवेदनको संरचना ६

**परिच्छेद–२ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य** ७
२.१ दीर्घकालीन सोच (Vision) ७
२.२ ध्येय (Mission) ७
२.३ प्रतिष्ठानका उद्देश्य (Objectives) ७
२.४ रणनीति (strategy) ८
२.५ संस्थागत मान्यता (Core Values) ९
२.६ प्रमुख कार्यहरू ९
२.७ Beyond Training Programme ९
२.८ एकीकृत सहयोगको अवधारणा १०

**परिच्छेद–३ प्रशिक्षण तथा अनुसन्धान व्यवस्थापन सम्बन्धी नीति** ११
३.१ प्रशिक्षण आवश्यकता पहिचान सम्बन्धी नीति ११
३.२ प्रशिक्षण डिजाइन तथा सामग्री निर्माण सम्बन्धी नीति ११
३.३ प्रशिक्षण सञ्चालन सम्बन्धी नीति १२
३.४ प्रशिक्षण सञ्चालनका विधि सम्बन्धी नीति १३
३.५ प्रशिक्षणको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति १३
३.६ प्राविधिक तथा वित्तिय सहायताको उपयोग सम्बन्धी नीति १४
३.७ परियोजना सञ्चालन सम्बन्धी नीति १४
३.८ परामर्शदाताको परिचालन सम्बन्धी नीति १४
३.९ स्वयम्-सेवक परिचालन सम्बन्धी नीति १५
३.१० प्रशिक्षण सञ्चालनका मोडालिटी सम्बन्धी नीति १५
३.११ अनुसन्धान व्यवस्थापन सम्बन्धी नीति १६
३.१२ अनुसन्धानका नतिजाको प्रयोग सम्बन्धी नीति १७
३.१३ समन्वय र सहकार्य सम्बन्धी नीति १७

**परिच्छेद–४ प्रगति विवरण** १९
४.१ पृष्ठभूमी १९
४.२ सम्पन्न क्रियाकलाप २०
४.३ मानव संशाधन ३०

**परिच्छेद–५ आ.व. २०७६/०७७ को आर्थिक प्रतिवेदन** ३१
५.१ विनियोजित बजेट ३१
५.२ खर्चको विवरण ३१

**परिच्छेद–६ आ.व. २०७७/०७८ को योजना** ३३
६.१ आ.व.२०७७/०७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रम ३३
६.२ आ.व.२०७७/०७८ को स्वीकृत प्रशिक्षण कार्यक्रम तर्फको प्रस्तावित वजेट विवरण ३५

**परिच्छेद–७ निष्कर्ष र सुझाव** ३९
७.१ निष्कर्ष ३९
७.२ सुझाव ४०

# परिच्छेद–१

## परिचय

### १.१ पृष्ठभूमी

संघीयताको कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहमा स्थापना गरिएका संरचनाहरूलाई प्रभावकारी बनाई सेवाप्रवाह चुस्त, पारदर्शी र परिणाममूखी बनाउनु आजको आवश्यकता हो । यसै सन्दर्भमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेशको एउटा स्वायत्त संस्थाको रुपमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो ।

प्रशिक्षण व्यावसायलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आवद्ध गराई सम्बन्धित संस्थाको समग्र कार्यसम्पादनमा सुधार गरी क्षमता विकास कार्यक्रमको सहि मूल्य (best value for money) सुनिश्चित गराउने तथा अध्ययन अनुसन्धानका माध्यमबाट प्रदेश तथा स्थानीय तहलाई नीतिगत सुझाव प्रदान गर्ने प्रतिष्ठानको अर्को महत्वपुर्ण उद्देश्य हो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान संघीयता कार्यान्वयन पश्चात मानव संसाधन विकासका क्षेत्रमा गण्डकी प्रदेश सरकारले लिएको महत्वपूर्ण अग्रसरता हो । प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोग मार्फत व्यवस्था गर्ने संवैधानिक प्रावधानका कारण पनि यस प्रतिष्ठानको औचित्य थप पुष्टी हुन्छ । प्रदेश र स्थानीय तहमा निर्वाचित

भई आउने पदाधिकारीहरूका लागि नियमित रुपमा सञ्चालन गर्नुपर्ने क्षमता विकासका कार्यक्रमको प्रदेशस्तरबाट नै व्यवस्था गरिनु आवश्यक छ । प्रदेश र स्थानीय तहका लागि मागमा आधारित क्षमता विकास, प्राविधिक, नीतिगत तथा कार्यक्रमिक सहयोग समेत निरन्तर रुपमा उपलब्ध गराई प्रदेश र स्थानीय तहद्वारा सञ्चालन गरिने विकास र सुशासन प्रवर्द्धनका कार्यक्रमको प्रभावकारीता अभिवृद्धि पनि आजको आवश्यकता हो । प्रदेश र स्थानीय तहका विकास प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धानका क्रियाकलापलाई केन्द्रित गराई ति निकायको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने काममा योगदान गर्नुपर्ने आवश्यकता छ ।

मानव संसाधन विकास, क्षमता विकास र शसक्तिकरणको एउटा महत्वपूर्ण औजारको रुपमा आजपनि प्रशिक्षणको महत्वपुर्ण स्थान रहि आएको छ । तर जुन अनुपातमा प्रशिक्षणका क्षेत्रमा साधन र श्रोतको प्रयोग भएको छ, सो मुताविक परिणाम नदेखिएको कुरामा वहस हुने गरेका छन् ।

प्रशिक्षणलाई उपयोगी र प्रभावकारी बनाउनका लागि विद्यमान प्रशिक्षण प्रणालीमा सुधारको आवश्यकता छ। प्रशिक्षार्थिको खास प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण आवश्यकताका आधारमा प्रशिक्षणका निर्दिष्ट उद्देश्यहरूको किटान, प्रशिक्षण आवश्यकतालाई सम्बोधन गर्नेगरी प्रशिक्षण सामग्रीहरू निर्माण, प्रशिक्षणको सहजीकरणका लागि उपयुक्त प्रशिक्षकको व्यवस्था, सहभागिको स्तरका आधारमा प्रशिक्षणका विधिहरूको चयन, प्रशिक्षणको विभिन्न तहमा गरिनुपर्ने मूल्याङ्कनका लागि आवश्यक औजारहरूको विकास र प्रयोग, प्रशिक्षण पश्चात प्रशिक्षणको कार्यान्वयनको सुनिश्चितताका लागि फलोअप वा अनुगमन, प्रशिक्षणले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा पारेको प्रभावको लेखाजोखा आदि प्रशिक्षण प्रणालीमा अवलम्वन गरिनु पर्ने विषयहरू हुन् ।

सूचना नै शक्तिको रुपमा उदाईरहेको वर्तमान अवस्थामा तथ्य र खोजमा आधारित अनुसन्धान, वहस, छलफलले निर्णय प्रक्रियालाई यथार्थपरक बनाउन सहयोग गर्दछन् । नयाँ ज्ञानको सिर्जना वा भईरहेको ज्ञानका क्षेत्रमा थप योगदान गर्ने गरी अध्ययन अनुसन्धान गर्ने र त्यस्ता अध्ययन अनुसन्धानबाट आएका नतिजाहरूलाई नीति, योजना, कार्यक्रम आदिमा प्रयोग गर्ने संस्कारको विकास गर्न जरुरी छ ।

परम्परागत प्रशिक्षण अन्तर्गत प्रशिक्षण पश्चात प्रशिक्षार्थिले आफ्नो ब्यवहारमा परिवर्तन ल्याए नल्याएको वा प्रशिक्षणको सिकाई कार्यान्वयनमा आए नआएको निर्क्योल गर्ने प्रचलनको कमी छ । जबसम्म प्रशिक्षणका सहभागिहरूले प्रशिक्षणको सिकाईलाई आफ्नो कार्यस्थलमा ब्यवहारिक रुपमा प्रयोगमा ल्याउँदैनन् र सिकाईको ब्यवहारिक प्रयोगको परिणामस्वरुप संस्थाको समग्र कार्यसम्पादनमा सुधार आउन सक्दैन, तबसम्म प्रशिक्षणमा खर्च भएको साधन र श्रोतको कुनै अर्थ रहँदैन । प्रशिक्षणलाई व्यवहारिक बनाई प्रशिक्षार्थिको कार्यसम्पादनमा सुधार ल्याउनका लागि प्रशिक्षण सामग्रीको निर्माण, प्रशिक्षणका विधिहरूको निर्क्योल र प्रशिक्षण विधिहरूलाई सहि हिसावले प्रयोग गर्न दक्ष सहजकर्ताको भूमिका त्यतिकै महत्वपुर्ण हुन जान्छ । नेपालका प्रशिक्षणलाई प्रभावकारी बनाउन विद्यमान प्रचलनलाई परिवर्तन गर्न जरुरी छ । चाहे निजामति कर्मचारीको सेवा प्रवेशका दौरान प्रदान गरिने अभिमूखीकरण होस् वा पदोन्नतिका लागि सहायक मानिने सेवाकालीन प्रशिक्षण हुन् वा कर्मचारी, जनप्रतिनिधि र सर्वसाधारणका लागि आयोजना गरिने क्षमता विकासका प्रशिक्षण, तिनमा रुपान्तरण जरुरी छ । प्रशिक्षण सामग्री निर्माण र समयानुकुल अद्यावधिक गर्ने काममा संस्थागत क्षमताको प्रयोग, अनुसन्धान, खोज, विश्लेषण र बहसहरूका माध्यमबाट महत्वपूर्ण नीतिगत सवालहरूको उठान, मानव संसाधन विकासका लागि आवश्यक मापदण्ड निर्माणमा प्राविधिक सहयोग, निजामती तथा स्थानीय सेवामा

कार्यरत कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूका लागि कार्यसम्पादन सुधारमा योगदान गर्ने गरी आफ्नो संस्थागत संयन्त्रको विकास गर्ने काममा प्रतिष्ठानले योगदान गर्नु पर्नेछ ।

प्रदेश तथा स्थानीय तहमा निर्वाचित, मनोनित  तथा नियुक्त पदाधिकारीहरू एवम् सार्वजनिक सेवामा कार्यरत कर्मचारीको कार्यसम्पादनमा सहयोगी हुने सामग्री निर्माणमा केन्द्रित रही राज्यका विभिन्न तहले अगाडी सारेका नीति तथा कार्यक्रम कार्यान्वयनमा योगदान गर्नु आजको आवश्यकता हो । संघ, प्रदेश र स्थानीय सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र नयाँ ज्ञानको सिर्जना वा विद्यमान ज्ञानको क्षेत्र विस्तरमा योगदान गर्ने क्षेत्रमा प्रतिष्ठान केन्द्रित हुनु पर्नेछ ।

गण्डकी प्रदेश सरकारले नीति तथा योजना आयोग मार्फत आफ्नो ५ वर्षे आवधिक योजना सार्वजनिक गरिसकेको छ । संघीय सरकारको **समृद्ध नेपाल, सुखी नेपाली**को दीर्घकालीन लक्ष्य र प्रदेश सरकारको **समृद्ध प्रदेश, सुखी नागरिक**को योजनालाई साकार पार्न गण्डकी प्रदेशले समृद्धिका ७ मुख्य संवाहक (पर्यटन, कृषि, उर्जा, उद्योग, पुर्वाधार, मानव संसाधन र सुशासन) र ५ मुख्य सहयोगीहरू (प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधता विच एकता, साँस्कृतिक सम्पन्नता, सहअस्तित्व र पहिचान, जनसांख्यिक लाभ, र प्राकृतिक सौन्दर्य) को पहिचान गरेको छ । विकास र समृद्धिका संवाहकहरूको प्राप्तिमा योगदान गर्नु प्रतिष्ठानको मुख्य भूमिका रहनेछ । दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण र स्थानीय तहको अगुवाइमा तिनको प्राप्तिमा सहजीकरण गर्ने कार्य पनि प्रतिष्ठानका प्राथमिकताका विषय हुन् । प्रदेश सरकार र स्थानीय तहको सुशासन प्रवर्द्धन, स्थानीय तह सञ्चालन र व्यवस्थापन जस्ता कार्य प्रतिष्ठानका प्राथमिकताको क्षेत्र भित्र पर्दछन् । उल्लेखित विषयवस्तुहरूबाट निर्देशित भई प्रतिष्ठानले आगामी दिनका कार्यक्रमलाई अगाडी बढाउने छ ।

## १.२ क्षमता विकासको वर्तमान अवस्था

देशको कुल क्षेत्रफलको २१,९७४ वर्ग कि.मि.(१४.६७ प्रतिशत) भूभागमा फैलिएको गण्डकी प्रदेश भित्र ११ जिल्ला, ८५ वटा स्थानीय तह (१ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका) र ११ वटा जिल्ला समन्वय समिति) रहेका छन् । ८५ वटा स्थानीय तहमा निर्वाचित र मनोनित जनप्रतिनिधिहरूको कुल संख्या ४ हजार ५ सय भन्दा बढी छ भने ६० जना प्रदेश सभा सदस्य रहेको यस प्रदेशमा ९९ जना जिल्ला समन्वय समितिका सदस्य कार्यरत छन् । प्रदेश अन्तर्गतका ७ वटा मन्त्रालय, नीति तथा योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय लगाएतका कार्यालय र स्थानीय तहमा समेत गरी ठूलो संख्याका कर्मचारीहरूले सेवा प्रवाह गरि रहेका छन् । नयाँ संविधान जारी भएपछिको पहिलो निर्वाचित स्थानीय तहले ३ वर्षे समयावधि पार गरिसकेको छ । यस परिप्रेक्ष्यमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका सामु हाल कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको काममा सहजीकरण गर्ने, गण्डकी प्रदेश सरकारका योजना तथा प्राथमिकताहरूको कार्यान्वयनमा सहयोग गर्ने तथा निर्वाचित जनप्रतिनिधिहरू तथा प्रदेश लोक सेवा आयोगबाट छनौट भई आउने कर्मचारीको लागि क्षमता विकासका कार्यक्रमको तयारी गर्ने कार्यहरू प्राथमिकताका साथ अगाडी बढाउनु पर्ने जरुरी छ ।

स्थानीय तहको क्षमता विकासका लागि अहिले पनि संस्थगत संयन्त्रको विकास भईसकेको छैन । क्षमता विकासका लागि विभिन्न गैर सरकारी संस्था र संघीय सरकारको मुख ताक्नुपर्ने अवस्था विद्यमान छ । प्रदेश सरकारका जनप्रतिनिधिहरू र कार्यरत कर्मचारीका लागि समसामयिक विषयमा आवश्यक क्षमता विकास गर्न समेत अरुमा भर पर्नु पर्ने आवश्यकता छ । यसका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहनेछ ।

## १.३ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई सात वटा परिच्छेदमा वर्गीकरण गरिएको छ । यसको पहिलो खण्डमा प्रतिष्ठानको पृष्ठभूमी र क्षमता विकासको सन्दर्भका बारेमा उल्लेख गरिएको छ । दोश्रो परिच्छेदमा प्रतिष्ठानको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र संस्थागत मान्यता उल्लेख गरिएको छ भने तेस्रो परिच्छेदमा प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको ब्याख्या गरिएको छ । चौथो परिच्छेदमा आ.व. २०७६/०७७ को प्रगति विवरण उल्लेख गरिएको छ । पाँचौं परिच्छेदमा आ.व. २०७६/०७७ को आर्थिक विवरण समावेश गरिएको छ भने छैटौं परिच्छेदमा आ.व. २०७७/०७८ को योजना प्रस्तुत गरिएको छ । सातौं परिच्छेदमा निष्कर्ष र सुझाव उल्लेख गरिएको छ ।

# परिच्छेद–२

## दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार" को मुल मर्मलाई आत्मसात गर्दै प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने, प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आवद्ध गर्ने एवम् प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आवद्ध गर्ने वृहत उद्देश्य राखेर स्थापना भएको प्रतिष्ठानको लक्ष्य, उद्देश्य र भावी कार्यदिशा निम्नानुसार छन् ।

### २.१ दीर्घकालीन सोच (Vision)

"सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट (Center of Excellence) प्रतिष्ठान" संस्थाको दीर्घकालीन सोंच रहेको छ । प्रतिष्ठानलाई Tranparency Seal सहितको ISO Certified Academy का रुपमा स्थापित गराउने दिशामा भावी क्रियाकलाप केन्द्रित हुनेछन् ।

### २.२ ध्येय (Mission)

"गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद (Quality Training, Problem based Research and Studies and Issue based Dialogues) को माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि" संस्थाको ध्येय हुनेछ ।

### २.३ प्रतिष्ठानका उद्देश्य (Objectives)

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा

निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगाएतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने ।

(ग) प्रशिक्षणलाई उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने ।

## २.४ रणनीति (strategy)

प्रतिष्ठानको प्रशिक्षण रणनीति निम्नानुसार हुनेछन् ।

क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

ख) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आवद्ध गर्ने ।

ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकारको विकास कार्यक्रमसँग आवद्ध गर्ने ।

घ) अनुसन्धान कार्यलाई नयाँ ज्ञानको सिर्जना र भईरहेको ज्ञानमा थप योगदान गर्ने पद्धतिको रुपमा विकास गरी प्रदेश सरकार र स्थानीय तहका विकास तथा शासकीय सुधार कार्यक्रम कार्यान्वयनमा आवद्ध गर्ने ।

## २.५ संस्थागत मान्यता (Core Values)

“इमानदारिता (Integrity), व्यावसायिकता (Professionalism) र नवप्रवर्तन (Innovation)” लाई आफ्नो संस्थागत मान्यताका रुपमा अंगिकार गरी व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार (Changing Behavior, Improving Performance) को कार्यदिशाका साथ संस्था अगाडी बढ्ने छ ।

## २.६ प्रमुख कार्यहरू

प्रतिष्ठानका प्रमुख कार्यहरू निम्नननुसार छन् ।

(क) कार्यसम्पादनमा आधारित प्रशिक्षण

(ख) समस्या केन्द्रित अनुसन्धान

(ग) सवाल केन्द्रित संवाद

(घ) आवश्यकतामा आधारित परामर्श सेवा

(ङ) ज्ञान व्यवस्थापन


## २.७ Beyond Training Programme

प्रतिष्ठानले क्षमता विकासका कामलाई फरक ढङ्गले अगाडी बढाउन चाहान्छ । प्रदेश र स्थानीय सरकारका शासकीय क्षमतामा सुधार हुँदै जाँदा कर्मचारी तथा जनप्रतिनिधिहरूका लागि आवश्यक क्षमता विकासका परिस्कृत माध्यमहरूको अवलम्वन गरिनु जरुरी छ । त्यसैले, कार्यसम्पादनका लागि “सहयोगी सामग्री” (Job Aid) हरूको निर्माण, कार्यसम्पादनका आधारभूत प्रक्रियाहरू उल्लेख गरिएका म्यानुअल तथा निर्देशिकाहरूको तयारी, कर्मचारीहरूको कार्यसम्पादनका लागि आवश्यक निर्देशन (Standing Instructions), कार्यसम्पादनका आधारभूत कार्यविधिहरू (Standard Operating procedures-SOPs), कार्यस्थलको प्रशिक्षण र प्राविधिक सहयोग (on the job training/on-site coaching), फलोअप, अनुगमन आदिलाई क्षमता विकासको प्रणालीमा मूलप्रवाहिकरण गर्दै लगिनेछ ।

लागतप्रभावी माध्यमहरूको अवलम्वन र कार्यसम्पादनमा आधारित प्रशिक्षण प्रणालीको विकासलाई शिक्षण–सिकाई क्रियाकलापको आधारभूत मान्यताका रुपमा अगाडी बढाउने कार्यमा प्रतिष्ठान क्रियाशिल हुनेछ ।

## २.८ एकीकृत सहयोगको अवधारणा

प्रतिष्ठानले क्षमता विकासको परम्परागत पद्धतिमा परिवर्तन गर्नेछ । प्रशिक्षणलाई केवल कक्षा कोठाको सिकाईमा सिमित नराखी प्रशिक्षार्थिको कार्यसम्पादनसँग आवद्ध गराउने पद्धतिका रुपमा स्थापित गराउने कार्यको थालनी गर्नेछ । प्रतिष्ठानका क्षमता विकासका कार्यक्रम निम्न अनुसार कार्यान्वयन हुनेछन् ।



# परिच्छेद–३

## प्रशिक्षण तथा अनुसन्धान व्यवस्थापन सम्बन्धी नीति

प्रतिष्ठानले देहाय बमोजिमका नीतिको अवलम्वन गरी प्रशिक्षण तथा अनुसन्धानका क्रियाकलाप कार्यान्वयन गर्नेछ ।

### ३.१ प्रशिक्षण आवश्यकता पहिचान सम्बन्धी नीति

(क) प्रदेश एवम् स्थानीय तहमा कार्यरत कर्मचारी तथा निर्वाचित, मनोनित एवम् नियुक्त पदाधिकारीहरूको क्षमता विकास आवश्यकताको पहिचानका लागि समस्या केन्द्रित तालिम विषयवस्तुको पहिचान गर्ने ।

(ख) विभिन्न विधिको अवलम्वन गरी क्षमता विकास आवश्यकताको पहिचान गर्ने ।

(ग) प्रशिक्षण आवश्यकताको पहिचान गर्दा लैगिंक तथा सामाजिक समाबेशिताका सवाललाई ध्यान दिने ।

### ३.२ प्रशिक्षण डिजाइन तथा सामग्री निर्माण सम्बन्धी नीति

(क) प्रशिक्षण आवश्यकता पहिचानको आधारमा प्रशिक्षण कार्यक्रमको डिजाईन र प्रशिक्षण सामग्रीको निर्माण गर्ने ।

(ख) प्रशिक्षण कार्यक्रमको डिजाईन र प्रशिक्षण सामग्री निर्माण गर्दा प्रशिक्षणको अवधिमा प्राप्त गरिने उद्देश्य र प्रशिक्षण कार्यक्रम पश्चातका अपेक्षित नतिजा उल्लेखित तहगत उद्देश्यको निर्धारण गर्ने ।

(ग) प्रशिक्षण सामग्रीको निर्माण गर्दा व्यवहारिक अभ्यासलाई जोड दिने ।

(घ) प्रशिक्षण सामग्रीको गुणस्तरीयता र विषयवस्तुको उपयुक्तता एवम् सान्दर्भिकताको सुनिश्चितता गर्न त्यस्ता सामग्रीको कम्तीमा ३ पटक परिक्षण तथा प्रमाणिकरण गर्ने ।

(ङ) प्रशिक्षण सामग्रीको गुणस्तरीयता सुनिश्चित गर्न आवश्यकतानुसार विषयविज्ञसँग परामर्श गर्ने ।

(च) प्रशिक्षण सामग्री प्रकाशन गर्दा ISBN नम्वर प्राप्त गर्ने ।

(छ) प्रशिक्षण मूल्याङ्कनका औजारहरू प्रशिक्षण सामग्री निर्माणका क्रममा नै विकास गर्ने ।

(ज) प्रशिक्षण डिजाइन र प्रशिक्षण सामग्री निर्माण गर्दा निश्चित शिक्षण योजनाको ढाँचा (Instructional Design Principle)[1] को अवलम्वन गर्ने ।

(झ) निर्माण गरिएका सामग्रीको प्रयोगका लागि आवश्यकता अनुसार प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।

## ३.३ प्रशिक्षण सञ्चालन सम्बन्धी नीति

(क) लक्षित सहभागिका लागि निर्मित प्रशिक्षण सामग्रीको प्रयोग गरी प्रशिक्षण सञ्चालन गर्ने ।

(ख) दक्षता प्राप्त प्रशिक्षकको प्रयोग गरी प्रशिक्षण सञ्चालन गर्ने ।

(ग) व्यवहारीक अभ्यासमा जोड दिई प्रशिक्षण सञ्चालन गर्ने ।

(घ) प्रशिक्षण कार्यक्रमलाई सकेसम्म कार्यस्थलमा नै सञ्चालन गर्ने नीति अवलम्वन गर्ने ।

(ड) प्रशिक्षण सञ्चालनका लागि आवश्यकता अनुसार अन्य संघ संस्थाका गुणस्तरीय प्रशिक्षण सामग्रीहरूको अनुसरण तथा

[1] शिक्षण योजना (Instructional Design) भन्नाले शैक्षिक तथा तालिम कार्यक्रमहरूको विकास गर्नका लागि प्रयोग गरिने निश्चित प्रक्रिया हो । व्यवस्थित तरिकाले सिकाई आवश्यकतारुको विश्लेषण गर्ने र शिक्षण शिकाइ सामग्रीको विकास गरीने भएकोले शिक्षण योजनालाई शिक्षण प्रणाली योजना (Instructional System Design) पनि भन्ने गरिन्छ । शिक्षण योजनालाई सिकाईको मोड्युल वा पाठको विकास गर्ने एउटा ढाँचाको (Framework) रुपमा पनि लिइन्छ ।

प्रयोग गर्ने ।

(च) आवश्यकता अनुसार रोष्टरमा उपलब्ध दक्ष प्रशिक्षकहरूको परिचालन गरी प्रशिक्षण सञ्चालन गर्ने ।

## ३.४ प्रशिक्षण सञ्चालनका विधि सम्बन्धी नीति

(क) प्रशिक्षार्थीको व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको पक्षलाई सुनिश्चित गर्ने गरी प्रशिक्षण विधिको अवलम्वन र प्रशिक्षण पश्चातका सहयोग कार्यक्रमको निर्धारण गर्ने ।

(ख) सहभागिको स्तर, प्रशिक्षणको विषयवस्तु र स्थानीय परिवेशलाई विचार गरी प्रशिक्षण विधिमा विविधिकरण गर्ने ।

## ३.५ प्रशिक्षणको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति

(क) अनुगमन तथा मूल्याङ्कनलाई हरेक प्रशिक्षणको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

(ख) प्रशिक्षण पश्चातको सहयोग जस्तै, on-site coaching, on - the-job training, फलोअप, अनुगमन र मूल्याङ्कनलाई प्रशिक्षणको व्यवहारीक प्रयोगको सुनिश्चितता र कार्य सम्पादनमा सुधारको मापनको मानकका रुपमा विकास गर्ने तथा प्रशिक्षण कार्यक्रमको अङ्गको रुपमा स्थापित गर्ने ।

(ग) प्रशिक्षण पश्चातको अनुगमन र मूल्याङ्कनका लागि आवश्यक Assessment Criteria को विकास गर्ने । यस्ता Assessment Criteria प्रशिक्षण सामग्री निर्माणका क्रममा नै निर्धारण गर्ने ।

(घ) प्रशिक्षणको अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजा एवम् अध्ययन अनुसन्धानका आधारमा प्रशिक्षण योजना तथा प्रशिक्षण सामग्रीमा आवश्यकतानुसार परिमार्जन गर्ने ।

### ३.६ प्राविधिक तथा वित्तिय सहायताको उपयोग सम्बन्धी नीति

(क) प्रतिष्ठानका कर्मचारीको क्षमता विकास, प्रशिक्षण कार्यक्रम र प्रतिष्ठानको संस्थागत विकासमा योगदान पुग्ने गरी स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरूबाट प्राविधिक तथा वित्तिय सहयोग लिने ।

(ख) प्राविधिक तथा वित्तिय सहयोगका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिने ।

(ग) प्राविधिक सहयोग प्रतिष्ठानको स्वामित्व र नियन्त्रणमा कार्यान्वयन गर्ने ।

### ३.७ परियोजना सञ्चालन सम्बन्धी नीति

(क) प्रतिष्ठानको उद्देश्य प्राप्तिमा सहयोग पुग्ने गरी द्विपक्षीय एवम् बहुपक्षीय परियोजना सञ्चालन गर्ने ।

(ख) स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरूको प्राविधिक तथा वित्तिय सहयोगमा त्यस्ता परियोजना सञ्चालन गर्ने ।

(ग) प्राविधिक तथा वित्तिय सहयोगका परियोजना सञ्चालनका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिने ।

(घ) यस्ता परियोजना प्रतिष्ठानको स्वामित्व र नियन्त्रणमा कार्यान्वयन गर्ने ।

### ३.८ परामर्शदाताको परिचालन सम्बन्धी नीति

(क) प्रशिक्षण तथा अनुसन्धानको क्षेत्रमा विशिष्टीकृत सेवा आवश्यक परेमा परामर्शदाता मार्फत त्यस्ता सेवा प्राप्त गर्ने ।

(ख) स्वदेशी तथा विदेशी ब्यक्ति वा संस्था मार्फत परामर्श सेवा प्राप्त गर्ने ।

(ग) ऐन तथा नियमावलीको परिधि भित्र रही यस्ता परामर्श सेवाको उपयोग गर्ने ।

(घ) आवश्यकता अनुसार यस्ता परामर्श सेवा प्रतिष्ठानको आफ्नै खर्चमा समेत उपयोग गर्ने ।

(ङ) परामर्श सेवाको प्रयोग गर्दा प्रदेश सरकारको आर्थिक मापदण्डको अवलम्वन गर्ने ।

## ३.९ स्वयम्–सेवक परिचालन सम्बन्धी नीति

(क) कुनै स्वदेशी तथा विदेशी संघ संस्थाले प्रतिष्ठान मार्फत स्वयम् सेवा उपलब्ध गराउन चाहे संस्थाको उद्देश्य प्राप्तीमा सहयोग पुग्ने गरी स्वयम् सेवाको परिचालन गर्ने ।

(ख) स्वयम् सेवाको परिचालन गर्दा प्रतिष्ठानलाई थप आर्थिक भार नपर्ने व्यवस्था गर्ने ।

(ग) स्वयम् सेवाको परिचालनका लागि संवन्धित संस्था र प्रतिष्ठानका बीच आवश्यक समझदारी गर्ने ।

## ३.१० प्रशिक्षण सञ्चालनका मोडालिटी सम्बन्धी नीति

(क) प्रतिष्ठानले आर्थिक भार बेहोर्ने गरी सञ्चालन गरिने प्रशिक्षण ।

(ख) प्रदेश तथा स्थानीय तहसँगको लागत साझेदारीमा सञ्चालन गरिने प्रशिक्षण ।

(ग) नीजि क्षेत्रको मागका आधारमा सञ्चालन गरिने प्रशिक्षण ।

(घ) स्व-आर्जनका लागि व्यावसायिकतामा आधारीत प्रशिक्षण ।

*(नोटः लागत साझेदारीमा सञ्चालन गरिने प्रशिक्षणको लागत अनुपात आपसी समझदारीमा निर्धारण गरिनेछ ।)*

## ३.११ अनुसन्धान व्यवस्थापन सम्बन्धी नीति

(क) नयाँ ज्ञानको सिर्जना र भईरहेको ज्ञानका क्षेत्रमा थप योगदान गर्ने पद्धतिको रुपमा अध्ययन अनुसन्धानलाई विकास गरी प्रदेश सरकार र स्थानीय तहका विकास तथा शासकीय सुधार कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने ।

(ख) अध्ययन अनुसन्धानलाई प्रदेश तथा स्थानीय तहका कार्यक्षेत्र र विकास प्राथमिकतासँग आवद्ध गर्ने ।

(ग) अध्ययन अनुसन्धानलाई प्रतिष्ठानको नियमित कार्यका रुपमा विकास गर्ने ।

(घ) अध्ययन अनुसन्धानका लागि आवश्यकता अनुसार विशेषज्ञताको परिचालन गर्ने ।

(ङ) द्विपक्षीय एवम् बहुपक्षीय सहयोगको परिचालन गरी अध्ययन अनुसन्धानका कार्य सञ्चालन गर्ने ।

(च) अध्ययन अनुसन्धानलाई Research Engagement and Advocacy Programme (REAP) का रुपमा अगाडी बढाउने ।

(छ) अध्ययन अनुसन्धानका काम आवश्यकता अनुसार प्रतिष्ठानले आफ्नै श्रोत तथा प्रदेश तथा स्थानीय तह र अन्य सरोकारवालाको लागत साझेदारीमा अगाडी बढाउने ।

(ज) अध्ययन अनुसन्धानका कामलाई फेलोशिप कार्यक्रमसँग आवद्ध गराउने ।

(झ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन तथा व्यवस्थापन, संघीय प्रणाली तथा विकास प्रक्रियाको बारेमा विभिन्न किसिमका वहस, अन्तरक्रिया, गोष्ठी, सम्वाद आदिलाई अध्ययन अनुसन्धानका अङ्गका रुपमा अगाडी बढाउने ।

### ३.१२ अनुसन्धानका नतिजाको प्रयोग सम्बन्धी नीति

(क) अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई ज्ञान व्यवस्थापनको सिद्धान्त अवलम्वन गरी अभिलेख, प्रयोग र विस्तार गर्ने ।

(ख) अध्ययन अनुसन्धान तथा प्रतिष्ठानको सिकाई लाई समाचार बुलेटिन, लेख रचना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नल आदिका रुपमा प्रकाशन गरी विभिन्न माध्यमबाट प्रचार प्रसार गर्ने ।

(ग) अध्ययन अनुसन्धानलाई प्रदेश सरकार तथा स्थानीय तहका विकास कार्यक्रम र सुशसान प्रवर्द्धनसँग आवद्ध गर्ने ।

### ३.१३ समन्वय र सहकार्य सम्बन्धी नीति

#### (क) संघीय सरकारसँगको समन्वय सम्बन्धी नीति

(१) प्रशिक्षणलाई राष्ट्रको समृद्धि र विकाससँग आवद्ध गर्ने गरी संघीय सरकारका संबन्धित निकायहरूसँग समन्वय कायम गर्ने ।

(२) संघीय सरकार र मातहतका निकायहरूका प्रशिक्षण सामग्री र अनुसन्धान नतिजाको आवश्यकता अनुसार प्रयोग गर्ने ।

(३) संघीय सरकार र मातहतका निकायहरूका अनुभवलाई आवश्यकता अनुसार प्रशिक्षण कार्यमा उपयोग गर्ने ।

(४) संघीय सरकार मार्फत सञ्चालन हुने क्षमता विकास कार्यक्रमसँग समन्वय, सहकार्य गर्ने ।

#### (ख) प्रदेश सरकारका निकायहरूसँगको समन्वय सम्बन्धी नीति

(१) प्रदेश सरकारका निकायहरूसँगको प्रत्यक्ष संलग्नतामा प्रशिक्षण र अनुसन्धानका कार्यहरू कार्यान्वयन गर्ने ।

(२) प्रदेश सरकारका विकास योजनाहरूको कार्यान्वयनमा संलग्न विभिन्न निकायसँग समन्वय कायम गर्ने ।

**(ग) स्थानीय तहसँगको समन्वय सम्बन्धी नीति**

(१) स्थानीय तहसँगको प्रत्यक्ष समन्वय र लागत साझेदारीमा क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्ने ।

(२) स्थानीय तहका विकास तथा सुशासन प्रवर्द्धनमा योगदान पुग्ने गरी प्रशिक्षण तथा अनुसन्धानका कार्य गर्ने ।

**(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको समन्वय सम्बन्धी नीति**

(१) प्रतिष्ठानको उद्धेश्य प्राप्तीका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको समन्वय र सहकार्यमा प्रशिक्षण तथा अनुसन्धानका कार्यहरू गर्ने ।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सँघ संस्थासँगको समन्वयलाई प्रतिष्ठानको संस्थागत विकास, मानव संसाधन विकास र वित्तिय स्थायित्वमा केन्द्रित  गर्ने ।

(३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सँघ संस्थासँगको ज्ञान, शिप र प्रविधिलाई प्रतिष्ठानको कार्यमा आवश्यकता अनुसार प्रयोग गर्ने ।

# परिच्छेद–४

## प्रगति विवरण

### ४.१ पृष्ठभूमी



कार्यकारी निर्देशक सपथ ग्रहण गर्दै

गण्डकी प्रदेश सभाले २०७५ साल चैत्र ११ गते गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन जारी गरे पश्चात प्रतिष्ठान स्थापनाको बाटो खुलेको हो । तर त्यसको एक वर्ष पछि २०७६ फागुन २८ मा कार्यकारी निर्देशकको नियुक्ती पछि मात्र प्रतिष्ठानका क्रियाकलाप आधिकारीक रुपमा सुरुवात भएका हुन् । प्रतिष्ठानका क्रियाकालापको आधिकारीक सुरुवात भए लगतै विश्वभर फैलिएको कोरोना भाइरसको महामारीले नेपाललाई पनि प्रभावित तुल्यायो । जसको फलस्वरुप २०७६ चैत्र ११ गते देखि देशब्यापी रुपमा बन्दाबन्दीको घोषणा भयो । २०७७ आषाढ १ गते देखि आंशिक रुपमा बन्दाबन्दी खुलेको भएता पनि पुर्ण रुपमा प्रतिष्ठानका गतिविधि सञ्चालन गर्ने वातावरण बन्न सकेन र आर्थिक वर्षको अन्त सम्म पनि यसको असर बाँकी नै रह्यो । यस्तो प्रतिकुल अवस्थाको वाबजुद पनि आर्थिक वर्षको करीव ४ महिनाको अवधिमा संस्थागत पूर्वाधार निर्माणका केही कामहरू सञ्चालन भए, जसलाई बुँदागत रुपमा तल उल्लेख गरिएको छ ।

## ४.२ सम्पन्न क्रियाकलाप

### (क) प्रशिक्षण परिषद् बैठकको आयोजना

प्रतिष्ठानका क्रियाकलापलाई आधिकारीक रुपमा सञ्चालन गर्नका लागि प्रशिक्षण परिषद् बैठकको तत्काल आयोजना गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी २०७६ चैत्र ९ गते मुख्यमन्त्रीको अध्यक्षतामा परिषद्को प्रथम बैठक आयोजना गरियो । प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालयका सचिव र कार्यकारी निर्देशकको उपस्थितिमा बसेको सो बैठकले प्रतिष्ठानको नियमावली र बैठकको कार्यविधि स्वीकृत गर्ने, संस्था सञ्चालनका लागि आवश्यक प्रवन्ध गर्ने, संस्थाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अगाडी बढाउने, प्रतिष्ठानका लागि विनियोजित बजेट प्रदेश सरकारसँग माग गर्ने लगायतका निर्णय गरेको थियो ।



परिषद्को बैठकमा प्रस्तुतीकरण गर्दै कार्यकारी निर्देशक

### (ख) प्रतिष्ठानको लोगो, छाप र लेटरप्याड तयारी

परिषद्को निर्णयलाई आत्मसात् गर्दै प्रतिष्ठानको दैनिक कार्य सञ्चालनका लागि आवश्यक लेटरप्याड, संस्थाको लोगो र छापको निर्माण गर्ने काम बन्दाबन्दीकै दौरानमा सम्पन्न भए । संस्थाको आधिकारीक छाप, लेटरप्याड, लोगो आदि प्रयोगमा आइसकेका छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान २०७५
GANDAKI PROVINCE TRAINING ACADEMY 2019

### (ग) प्रतिष्ठानको ब्रोसर तयारी




भर्खरै मात्र स्थापना भएको संस्थाको लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम आदि सम्बन्धित सबै सरोकारवाला समक्ष जानकारी गराउनु पर्ने आवश्यकतालाई महसुस गरी संस्थाको परिचय झल्कने ब्रोसर तयार गर्ने काम सम्पन्न भएको छ। तत्कालका लागि दुई हजार थान ब्रोसर तयार गरी सरोकारवालामाझ वितरण गर्ने कार्यको थालनी भएको छ।

### (घ) क्यालेण्डर निर्माण




प्रतिष्ठानको तालिम तथा अनुसन्धानका नीति, तालिमका विषयवस्तु, अल्पकालीन र दीर्घकालीन रणनीति, प्रशिक्षणका सिद्धान्त, प्रशिक्षण प्रक्रिया आदि सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले सात सय थान बहुउद्देश्यीय टेवल क्यालेण्डर प्रकाशन गरी वितरण गर्ने काम भएको छ। सो क्यालेण्डर प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी सिद्धान्त बुझ्न सहयोगी हुने अपेक्षा गरिएको छ।

### (ङ) प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा

परिषद् बैठकले कार्यकारी समितिलाई प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा गर्नका लागि दिएको निर्देशन अनुसार प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान नीतिको मस्यौदा तर्जुमा गर्ने काम सम्पन्न भएको छ। उक्त नीतिले प्रतिष्ठान मार्फत निर्माण गरिने प्रशिक्षण सामग्री, सञ्चालन गरिने प्रशिक्षण, प्रशिक्षण पश्चातका सहयोग कार्यक्रम र अनुसन्धान सम्बन्धी व्यवस्थालाई दिशानिर्देश गर्नेछ।

### (च) रणनैतिक योजना तर्जुमा

योजना कुनैपनि संस्थाको गन्तव्यको प्रतिविम्व हो। गण्डकी प्रदेश पशिक्षण प्रतिष्ठानलाई Center of Excellence को रुपमा विकास गर्ने र एउटा ISO प्रमाण पत्र प्राप्त संस्थाका रुपमा स्थापित गराउने लक्ष्यका साथ प्रतिष्ठानको रणनैतिक योजना (२०७७–२०८१) को मस्यौदा निर्माण गर्ने काम सम्पन्न भएको छ।

### (छ) संगठन तथा व्यवस्थापन सर्वेक्षण (मस्यौदा) तर्जुमा

प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको प्रक्षेपण सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा तयारी गर्ने काम सम्पन्न भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन तथा क्षमता विकास महाशाखाका सचिवको संयोजकत्वमा गठित समितिले उक्त मस्यौदालाई अन्तिम रुप दिएपछि त्यसलाई प्रशिक्षण परिषद् मार्फत स्वीकृतिका लागि प्रदेश सरकारमा पेश गरिनेछ।

### (ज) प्रशिक्षण तथा अनुसन्धान कार्यविधि (मस्यौदा) तर्जुमा

प्रशिक्षण तथा अनुसन्धानको कार्यलाई व्यवस्थित, क्रमबद्ध र स्तरीय बनाउनका लागि प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण सामग्रीको

निर्माण, प्रशिक्षण सञ्चालन, प्रशिक्षण कार्यक्रमको अनुगमन र फलोअप तथा अनुसन्धान विधिलाई लिपिबद्ध गरी प्रशिक्षण तथा अनुसन्धान कार्यविधिको मस्यौदा निर्माणको कार्य सम्पन्न भएको छ। यसले प्रशिक्षण र अनुसन्धानलाई निश्चित प्रक्रियाको अवलम्वन गरी कार्यान्वयन गर्न मार्ग प्रशस्त गर्ने छ।

### (झ) कर्मचारीको साप्ताहिक र मासिक योजना तथा प्रतिवेदन

प्रतिष्ठानमा कार्यरत कर्मचारीको कामलाई व्यवस्थित, प्रभावकारी र नतिजा उन्मुख बनाउनका लागि उनिहरूको साप्ताहिक र मासिक योजना र प्रतिवेदन प्रणालीको आ.व. २०७७/०७८ को शुरु देखि कार्यान्वयनमा आउने गरी आवश्यक फारामको व्यवस्था गरिएको छ। उक्त फारामलाई मिति २०७७ असार २८ गते बसेको प्रतिष्ठानको कार्यकारी समितिको बैठकले स्वीकृत समेत गरिसकेको छ। यसले कर्मचारीको साप्ताहिक र मासिक कार्यको आँकलन, कामको बाँडफाँट र कामको उत्पादकत्वको अनुगमन तथा कर्मचारीका काममा समन्वय गर्न सहज हुने अपेक्षा गरिएको छ।

### (ञ) कर्मचारीको दक्षता तथा आन्तरिक कार्यसम्पादन मूल्याङ्कन फारामको तयारी

कर्मचारीको दक्षता र कार्यक्षमतामा आएको परिवर्तनलाई वार्षिक रुपमा मूल्याङ्कन गरी कर्मचारीलाई थप व्यावसायिक र दक्ष बनाउनका लागि निश्चित मापदण्डको निर्धारण गरिएको छ। यसले कर्मचारीको कार्यसम्पादन अनुगमन, कार्यदक्षता र सम्पादित कार्यको प्रभावकारीता मापनमा सहज हुने अपेक्षा गरिएको छ। यसका लागि चाहिने आवश्यक फारामको निर्माण र कर्मचारीको अभिमूखीकरण सम्पन्न भएको छ।

### (ट) प्रतिष्ठानको Website निर्माण

प्रतिष्ठानका क्रियाकलाप, प्रकाशन, ऐन नियम र अन्य सार्वजनिक सरोकारका

विषयवस्तुलाई आम सरोकारवालामाझ पुऱ्याउने उद्देश्यले प्रतिष्ठानको Website निर्माणको कार्य सम्पन्न गरी प्रयोगमा आएको छ। यसले संस्थाको पारदर्शिता र ज्ञान व्यवस्थापनको पाटोमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। http://www.gpta.org मा browse गर्न सकिने उक्त Website सबै स्थानीय तह र अन्य सरोकारवालामाझ जानकारी गराउने कार्य पनि सम्पन्न भएको छ।




### (ठ) प्रतिष्ठानको भवनको डिजाइन तयारी

प्रतिष्ठानको बहुउद्देश्यिय भवन निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत भवनको डिजाइन र संरचनात्मक विष्लेषणको काम सम्पन्न भएको छ। नगर विकास प्रशिक्षण केन्द्रको परिसरमा निर्माण गरिने लक्ष्य राखिएको उक्त भवनका लागि माटो परिक्षणको काम समेत सम्पन्न भएको छ। दुई वर्ष भित्र निर्माण सम्पन्न गरिने लक्ष्य राखिएको उक्त भवन अन्याधुनिक र सुविधा सम्पन्न हुनेछ।



प्रतिष्ठानको प्रस्तावित भवन

## (ड) प्रतिष्ठानको कार्यालय परिसरको सरसफाई

विगत लामो समय देखि झाडीको रुपमा परिणत भएको कार्यालय परिषरको सरसफाई र झाडी सफागर्ने काम सम्पन्न भएको छ। प्रतिष्ठानमा कार्यरत कर्मचारी, नगर विकास प्रशिक्षण केन्द्रका कर्मचारी एवम् प्रदेश सभा सचिवालयमा खटिएका सुरक्षाकर्मी समेतलाई परिचालन गरि उक्त काम सम्पन्न भएको छ। यसको नियमित रेखदेखको काम जारी छ।



पहिले



अहिले

## (ढ) हात धुने टंकीको स्थापना

कारोना महामारीको प्रकोपबाट बच्नका लागि अत्यावश्यक मानिएको नियमित सावुन पानिले हात धुने व्यवहारलाई कार्यालयमा समेत कार्यान्वयन गर्ने प्रयोजनका लागि Gurkha Welfare Trust, Pokhara सँगको समन्वयमा Hand Washing Point को स्थापना गरिएको छ। Gurkha Welfare Trust को आर्थिक एवम्



हात धुने ठाउँ

प्राविधिक सहयोगमा जडान गरिएको उक्त साधारण तर वहुउपयोगी प्रविधिले प्रदेश सभा सचिवालय, प्रतिष्ठान र नगर विकास प्रशिक्षण केन्द्र समेत गरी ठुलो संख्याका कर्मचारी र जनप्रतिनिधिहरूको नियमित आवत जावत हुने कार्यालय परिसरको स्वास्थ्य सुरक्षामा महत्वपुर्ण भुमिका खेलेको छ ।

### (ण) कार्यालय व्यवस्थापन

प्रतिष्ठानका दैनिक कार्य सञ्चालनका लागि नगर विकास प्रशिक्षण केन्द्रमा उपलब्ध कोठाहरूलाई नै उपयोग गर्ने निर्णय बमोजिम कार्यकारी निर्देशकको पदस्थापन नगर विकास प्रशिक्षण केन्द्रको एउटा सामान्य कोठामा भएको थियो। तत्पश्चात प्रतिष्ठानमा खटिई आउने कर्मचारीको व्यवस्थापन, कार्यकारी निर्देशकको कार्यकक्ष र बैठक कक्षको निर्माण, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतको PCGG का लागि खटिई आउने कर्मचारीको व्यवस्थापन आदिको काम सम्पन्न भएको छ ।

### (त) कार्यालयको मर्मत संभार

विगत लामो समय देखि मर्मत संभार हुन नसकेको नगर विकास प्रशिक्षण केन्द्रको प्रशासकीय भवनको रंगरोगन र मर्मत संभारको काम सम्पन्न भएको छ । वर्षौ देखि जिर्ण बनेको भवन, झ्याल ढोका र अन्य संरचनाको बन्दाबन्दीको समयलाई सदुपयोग गरी मर्मत संभार गरिएको हो ।



मर्मत संभार भन्दा पहिला



मर्मत संभार पछि

### (थ) अन्य निर्माण

तालिम कार्यक्रमको पभावकारीतालाई कक्षा कोठा र वाहिरी वातावरणले समेत निर्धारण गर्दछ । तालिम केन्द्रको बाहिरी वातारणलाई सिकाई मैत्री बनाउन तथा बर्षौं देखि प्रयोगमा आउन नसकेका संरचनालाई सुधार गर्ने उद्देश्यले प्रशासकीय भवनको वरपर बगैंचा र चौतारी निर्माण, तालिम कक्ष बाट चमेना गृहसम्म जाने बाटोको ढलान र छानोको मर्मत संभार र झाडीका रुपमा परिणत भएको स्थानलाई खेल मैदानमा परिणत गर्ने काम सम्पन्न भएको छ । यसले तालिम केन्द्रको सौन्दर्यकरण र सिकाईको वातावरण निर्माण गर्न सहयोग पुग्ने छ ।



### (द) कर्मचारीको सेवाकालीन र सेवाप्रवेश तालिम पाठ्यक्रम निर्माण

सहायक स्तरका कर्मचारीका लागि आवश्यक सेवाकालीन तथा सेवाप्रवेश तालिम पाठ्यक्रम निर्माणको काम सम्पन्न भई कार्यकारी समिति बाट समेत स्वीकृत भइसकेको छ। उक्त तालिमलाई कर्मचारीको कार्यसम्पादनसँग आवद्ध गराउने गरी पाठ्यक्रम निर्धारण गरिएको छ ।

### (ध) स्थानीय तहको प्रशिक्षण आवश्यकताको पहिचान

कोरोना भाइरसले पारेको विश्वव्यापी असरबाट नेपाल पनि अछुतो रहन सकेन । स्वास्थ्य क्षेत्रमा परेको असरले समग्र मानव जीवन, जीविकोपार्जन र जीवनपद्धतीलाई नै प्रभावित तुल्याइदिएको छ । यस सन्दर्भमा नियमित रुपमा सम्पादन गरिँदै आएका कामको प्राथमिकतामा परिवर्तन आएको छ भने

नयाँ विकल्पको खोजी गर्नुपर्ने अवस्था सिर्जना भएको छ। स्थानीय तहका लागि सञ्चालन गरिँदै आएका क्षमता विकासका काम र तिनको प्राथकितामा पनि स्वाभाविक रुपमा परिवर्तन आएको छ। यसै विषयलाई मध्यनजर गरी गण्डकी प्रदेशका स्थानीय तहसँग टेलिफोन सम्पर्क गरी आ.व. २०७७/०७८ का लागि तालिम आवश्यकताको पहिचान गर्ने काम सम्पन्न भएको छ। यसैको आधारमा प्रतिष्ठानको आ.व. २०७७/०७८ को क्षमता विकासका कामहरूको निर्क्योल गर्ने काम समेत सम्पन्न भएको छ।

## (न) मेशिनरी तथा औजारको खरीद

प्रतिष्ठानका लागि आवश्यक केही मेशिनरी तथा औजार खरिद गर्ने काम सम्पन्न भएको छ। कर्मचारीका लागि आवश्यक कम्प्यूटर, प्रिन्टर, तालिमका लागि आवश्यक प्रोजेक्टर, क्यामेरा आदि खरीद गर्ने कार्य सम्पन्न भएको छ।

## (प) सवारी साधन खरीद

प्रतिष्ठानका लागि आवश्यक एक थान चार पाङ्ग्रे सवारी साधन खरीदको काम सम्पन्न भएको छ। सार्वजनिक खरीद ऐन र नियमावलीको परिधिभित्र रही एक 4WD Scorpio गाडी खरीद गर्ने काम यसै आ.व.मा सम्पन्न भएको छ।

## (फ) रणनैतिक योजना माथि छलफल

प्रतिष्ठानको रणनैतिक योजना (आ.व. २०७७/०७८-२०८१/०८२) को मस्यौदा माथिको प्रारम्भिक छलफल मिति २०७७ असार १६ गते सम्पन्न भयो। उक्त छलफलमा प्रदेश नीति तथा योजना आयोग, प्रदेश तथा स्थानीय तहमा निर्वाचित पदाधिकारी, जिल्ला समन्वय समिति कास्की, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगाएतको सहभागिता रहेको थियो। उक्त छलफलले योजनाको मस्यौदा माथि बुँदागत छलफल गरी सुधारका लागि पृष्ठपोषण

गरेको थियो । छलफलबाट प्राप्त सुझावलाई आत्मसात गरी आवश्यकता अनुसार अन्य सरोकारवालासँग समेत थप छलफल गरी योजनालाइ अन्तिम रुप दिइनेछ ।




### (ब) कार्यकारी समितिको बैठक

प्रतिष्ठानको कार्यकारी समितिको प्रथम बैठक मिति २०७७ असार २८ गते प्रतिष्ठानको कार्यालय नदिपुरमा सम्पन्न भयो । प्रतिष्ठानका कार्यकारी निर्देशकको अध्यक्षतामा बसेको उक्त बैठकमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लोक सेवा आयोग र प्रदेश नीति तथा योजना आयोगको उपस्थिति रहेको थियो भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव तथा कानुन सचिव र प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताको विशेष उपस्थिति रहेको थियो ।




उक्त बैठकले कार्यसमितिको बैठक सञ्चालन कार्यविधि, आ.व. २०७७/०७८ को बजेट तथा कार्यक्रम, कर्मचारीको सेवाकालीन तथा सेवा प्रवेश तालिम पाठ्यक्रमलाई स्वीकृत गर्ने लगाएतका निर्णय गरेको थियो ।

### (भ) संस्थाको भिडियो तयारी

प्रतिष्ठान स्थापनाको लक्ष्य, उद्देश्य, भावी कार्यदिशा, दीर्घकालीन तथा अल्पकालीन रणनीति, प्रतिष्ठान मार्फत सञ्चालन गरिने क्रियाकलाप आदि विषयवस्तु समेटी भिडियो बनाउने काम सम्पन्न भएको छ । प्रष्तिष्ठानको website मा राखिने उक्त भिडियोले सरोकारवालाहरूलाई प्रतिष्ठानका बारेमा जानाकारी लिन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### ४.३ मानव संशाधन

प्रदेश लोक सेवा आयोगको गठन भई स्थायी पदपुर्ति नभए सम्मका लागि प्रदेश सरकारबाट आवश्यक कर्मचारी काजमा माग गरी कामकाज अगाडी बढाइएको छ । सोका लागि प्रदेश सरकार मन्त्रिपरिषद्को कार्यालयबाट अस्थायी दरवन्दी स्वीकृत समेत भइसकेको छ । हाल प्रतिष्ठानमा देहाय बमोजिमका कर्मचारी कार्यरत छन् ।

| क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | ऋषिराम पाण्डे | कार्यकारी निर्देशक | प्रदेश सरकारबाट नियुक्त |
| २ | गोपाल शर्मा | प्रशासन | मु.म. तथा म.प.का.बाट काज |
| ३ | रघुनाथ पौडेल | लेखा | प्रदेश लेखा नियन्त्रण कार्यालय |
| ४ | सरिता वास्तोला | प्रशासन | मु.म. तथा म.प.का.बाट काज |
| ५ | नारायण ढकाल | सवारी चालक | प्रतिष्ठानबाट करारमा नियुक्त |

# परिच्छेद–५

## आ.व. २०७६/०७७ को आर्थिक प्रतिवेदन

### ५.१ विनियोजित बजेट

आ.व. २०७६/०७७ का लागि प्रतिष्ठानलाई चालु तर्फ रु. १९,०६,०००/- तथा पुँजीगत खर्च तर्फ रु. ७६,००,०००/- प्राप्त भएको थियो । सोको शिर्षकगत खर्च विवरण तल उल्लेख गरिएको छ ।

### ५.२ खर्चको विवरण

आ.व. २०७६/०७७ मा प्रतिष्ठानले गरेको खर्चको विवरण देहाय बमोजिम छ ।

#### चालु खर्च तर्फ

| क्र. सं. | बजेट शिर्षक | खर्च शिर्षक | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | १५८,०००/- | १५६,८३९।४० | १,१६०/- | |
| २ | पारिश्रमिक पदाधिकारी | २१११२ | २१०,०००/- | १९४,७४९/- | १५,२५१/- | |
| ३ | महंगी भत्ता | २११३२ | ८०००/- | ८०००/- | ० | |
| ४ | पदाधिकारी बैठक भत्ता | २११४१ | १००,०००/- | ४८,०००/- | ५२,०००/- | |
| ५ | पदाधिकारी अन्य सुबिधा | २११४२ | ८०,०००/- | ७३,८००/- | ६,२००/- | |
| ६ | पानी तथा बिजुली | २२१११ | ५०,०००/- | ० | ५०,०००/- | |
| ७ | संचार महसुल | २२११२ | ५०,०००/- | ८,४६०/- | ४१५४०/- | |
| ८ | इन्धन (पदाधिकारी) | २२२११ | ५०,०००/- | ४४,९०४/- | ५,०९६/- | |
| ९ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | ५०,०००/- | ४०,०२५/- | ९,९०७५/- | |
| १० | सवारी साधन मर्मत खर्च | २२२१३ | ५०,०००/- | १७,०८५/- | ३२,९१५/- | |

| क्र. सं. | बजेट शिर्षक | खर्च शिर्षक | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ११ | बिमा तथा नवीकरण खर्च | २२२१४ | ५०,०००/- | ४३,३३२/- | ६,६६८/- | |
| १२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | ५०,०००/- | २,०००/- | ४८,०००/- | |
| १३ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | ५००,०००/- | ४९३,०३४/- | ६,९६६/- | |
| १४ | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | २००,०००/- | १९८,८२०/- | १,१८०/- | |
| १५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | २००,०००/- | १६९,९७५/- | ३०,०२५/- | |
| १६ | करार सेवा शुल्क | २२४१३ | ५०,०००/- | ११,८४०/- | ३८,१६०/- | |
| १७ | विविध खर्च | २२७११ | ५०,०००/- | ४९,८००/- | २००/- | |
| | | कुल जम्मा रु | १,९०६,०००/- | १,५६०,६६३/- | ३४५,३३६।६० | |

## पूंजीगत खर्च तर्फ

| क्र. सं. | बजेट शिर्षक | खर्च शिर्षक | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सवारी साधन | ३११२१ | ६,०००,०००/- | ५,४८०,११२/- | ५१९,८८८/- | |
| २. | मेशिनरी तथा औजार | ३११२२ | ५००,०००/- | ४७९,६००/- | २०,४००/- | |
| ३. | फर्निचर तथा फिक्चर्स | ३११२३ | ५००,०००/- | ४९८,६००/- | १,४५८/- | |
| ४. | कम्प्युटर सफ्टवयर निर्माण | ३११३२ | १,००,०००/- | ९३,७९०/- | ६२१०/- | |
| ५. | अन्य सार्वजनिक निर्माण | ३११५९ | ५,००,०००/- | ४,९३,०३५/- | ६९६५/- | |
| | | जम्मा रु. | ७६,००,०००/- | ७०,४५,०७९/- | ५,५४,९२१/- | |

# परिच्छेद–६

## आ.व. २०७७/०७८ को योजना

आ.व. २०७७/०७८ का लागि प्रतिष्ठानलाई चालु तर्फ रु. १,७०,१३,०००/- तथा पुँजीगत खर्च तर्फ रु. ५०,००,०००/- प्राप्त भएको छ। सोको शिर्षकगत विवरण तपशिल बमोजिम छ ।

### ६.१ आ.व.२०७७/०७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रम

**चालु खर्च तर्फ**

| क्र. सं. | बजेट शिर्षक | खर्च शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | २२,४०,०००/- | |
| २ | पारिश्रमिक पदाधिकारी | २१११२ | ६,१८,०००/- | |
| ३ | पोशाक | २११२१ | ५०,०००/- | |
| ४ | महंगी भत्ता | २११३२ | १,२०,०००/- | |
| ५ | कर्मचारी बैठक भत्ता | २११३४ | ७५,०००/- | |
| ६ | पदाधिकारी बैठक भत्ता | २११४१ | ७५,०००/- | |
| ७ | पदाधिकारी अन्य सुबिधा | २११४२ | ३६,०००/- | |
| ८ | योगदानमा आधारित विमा कोष खर्च | २१२१३ | २४,०००/- | |
| ९ | पानी तथा बिजुली | २२१११ | १,००,०००/- | |
| १० | संचार महसुल | २२११२ | १,५०,०००/- | |
| ११ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | ३,००,०००/- | |
| १२ | सवारी साधन मर्मत खर्च | २२२१३ | २,००,०००/- | |
| १३ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | ५०,०००/- | |
| १४ | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | २००,०००/- | |

| क्र. सं. | बजेट शिर्षक | खर्च शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १५ | पुस्तक तथा सामाग्री खर्च | २२३१३ | २,००,०००/- | |
| १६ | इन्धन अन्य प्रयोजन | २२३१४ | ५०,०००/- | |
| १७ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | १,५०,०००/- | |
| १८ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | २२४१२ | १,००,०००/- | |
| १९ | करार सेवा शुल्क | २२४१३ | ५,३९,०००/- | |
| २० | कार्यक्रम खर्च | २२५२२ | १,०९,५६,०००/- | |
| २१ | भ्रमण खर्च | २२६१२ | ६,००,०००/- | |
| २२ | घर भाडा | २८१४२ | १,८०,०००/- | |
| | | **कुल जम्मा रु.** | **१,७०,१३,०००/-** | |

## पूंजीगत खर्च तर्फ

| क्र.सं. | बजेट शिर्षक | खर्च शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सवारी साधन | ३११२१ | ५,००,०००/- | |
| २. | मेशिनरी तथा औजार | ३११२२ | २०,००,०००/- | |
| ३. | फर्निचर तथा फिक्चर्स | ३११२३ | १५,००,०००/- | |
| ४. | निर्मित भवनको संरचनात्मक सूधार | ३११६१ | १०,००,०००/- | |
| | | **जम्मा रु.** | **५०,००,०००/-** | |

## ६.२ आ.व.२०७७/०७८ को स्वीकृत प्रशिक्षण कार्यक्रम तर्फको प्रस्तावित वजेट विवरण

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | विनियोजित रकम | चौमासिक |
|---|---|---|---|---|
| (क) | **कर्मचारीको सेवाकालीन तालिम** | | | |
| १ | सेवाकालीन प्रशिक्षण | ४ | ३८,७७,०००/- | प्रथम, दोस्रो |
| | **जम्मा** | ४ | ३८,७७,०००/- | |
| (ख) | **कर्मचारीको क्षमता विकास** | | | |
| १ | नव नियुक्त कर्मचारीको क्षमता विकास तालिम | ४ | १०,४९,०००/- | प्रथम, दोस्रो |
| | **जम्मा** | ४ | १०,४९,०००/- | |
| (ग) | **जनप्रतिनिधिको क्षमता विकास प्रशिक्षण** | | | |
| १ | सम्पती कर | ५ | ८,८६,२५०/- | दोस्रो, तेस्रो |
| २ | स्थानीय आर्थिक विकास | ४ | ७,०९,०००/- | दोस्रो, तेस्रो |
| ३ | स्थानीय तहको योजना तर्जुमा | ४ | ७,०९,०००/- | दोस्रो, तेस्रो |
| ४ | बालमैत्री स्थानीय शासन | ३ | ५,३१,७५०/- | दोस्रो, तेस्रो |
| ५ | सार्वजनिक खरिद तथा सामाजिक जवाफदेहिता | ४ | ७,०९,०००/- | दोस्रो, तेस्रो |
| ६ | कर्मचारीहरूका लागि नतिजामुखि योजना तथा अनुगमन | १ | १,७७,२५०/- | तेस्रो |
| ७ | ज्ञान व्यवस्थापन | १ | १,७७,२५०/- | तेस्रो |
| ८ | प्रदेश सांसद तथा स्थानीय तहका प्रमुख हरूको अन्तरक्रिया कार्यक्रम | २ | ५,९४,९५०/- | प्रथम |
| ९ | प्रशिक्षण पश्चातको अनुगमन तथा मुल्यांकन (फलो अप) | एकमुष्ट | १,८३,५५०/- | दोस्रो, तेस्रो |
| | **जम्मा** | २४ | ४६,०७८,०००/- | |
| (घ) | **प्रशिक्षण सामग्री निर्माण** | | | |
| १ | प्रशिक्षण सामग्री निर्माण | २ | ६,००,०००/- | प्रथम |
| | **जम्मा** | २ | ६,००,०००/- | |

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | विनियोजित रकम | चौमासिक |
|---|---|---|---|---|
| (ङ) | **कार्यमुलक अनुसन्धान लेखन तथा प्रकाशन** | | | |
| १ | अन्तर-सरकार समन्वय, सहकार्य र सह-अस्तित्व सम्बन्धी अनुसन्धान | १ | ३,४८,५००/- | प्रथम, दोश्रो, तेश्रो |
| २ | प्रशिक्षण पाठ्यक्रम, अनुसन्धानात्मक कृति, प्रतिवेदन छपाई तथा प्रकाशन | १ | ४,०३,५००/- | प्रथम, दोश्रो, तेश्रो |
| | **जम्मा** | २ | ७,५२,०००/- | |
| | **कुल जम्मा** | | १,०९,५६,०००/- | |

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

### आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम तथा बजेट विवरण

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | रकम | चौमासिक |
|---|---|---|---|---|
| १ | क्षमता विकास सम्बन्धी सेवा प्रवाहको लागि प्रदेश सुशासन केन्द्र सञ्चालनमा आएको हुने | | | |
| | १. फर्निचर तथा मेशिनरी औजार | | ११,००,००० /- | प्रथम |
| | २. सञ्चालन खर्च | १२ महिना | ३८,५०,०००/- | प्रथम, दोस्रो, तेस्रो |
| | ३. सार्वजनिक निर्माण तथा सञ्चालन | १ महिना | ५,००,००,०००/- | तेस्रो |
| | **जम्मा** | | ५,४९,५०,०००/- | |
| २ | स्थानीय तहको संस्थागत स्व-मुल्यांकन (LISA) सहजकर्ता छनोट र अभिमुखीकरण र परिचालन | ८५ स्थानीय तह | १,७०,००,०००/- | प्रथम, दोस्रो |
| ३ | राजस्व परामर्श समितिका पदाधिकारीलाई अनुशिक्षण | ८५ स्थानीय तह | ३४,००,०००/- | दोस्रो |
| ४ | स्थानीय तहका पदाधिकारी एवम् सम्बन्धित कर्मचारीका लागि: MTEF सम्बन्धी अनुशिक्षण | ८५ स्थानीय तह | ३४,००,०००/- | प्रथम, दोस्रो |
| ५ | स्थानीय तहको आवधिक योजना तर्जुमामा सहयोग | ४० स्थानीय तह | १,५०,००,०००/- | प्रथम, दोस्रो |
| ६ | स्थानीय तहमा GESI परीक्षण संचालन | ३९ स्थानीय तह | ७८,००,०००/- | दोस्रो |

| | | | | |
|---|---|---|---|---|
| ७ | स्थानीय तहमा आन्तरिक नियन्त्रण कार्यविधि लागू गर्न प्राविधिक सहयोग (Coaching and Mentoring) | ५ स्थानीय तह | ५,००,०००/- | दोस्रो |
| ८ | स्थानीय तहमा GESI मुलप्रवाहीकरण | ८५ स्थानीय तह | ८५,००,०००/- | दोस्रो |
| ९ | स्थानीय तहमा सार्वजनिक उत्तरदायित्व विधिको प्रयोग (सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण) | ३४ स्थानीय तह | ३४,००,०००/- | तेस्रो |
| १० | उच्च गुणस्तरीय सेवा प्रवाहका लागि प्रदेश तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास | | १,६०,००,०००/- | प्रथम, दोस्रो, तेस्रो |
| ११ | उच्च गुणस्तरीय सेवा प्रवाहका लागि स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास | | ३.५०,००,०००/- | प्रथम, दोस्रो, तेस्रो |
| | **जम्मा बजेट** | | १८,०२,५०,०००/- | |

# परिच्छेद–७

## निष्कर्ष र सुझाव

### ७.१ निष्कर्ष

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले प्रदेश सरकारले लिएको महत्वपूर्ण अग्रसरता हो । प्रदेश लोक सेवा आयोग मार्फत छनौट भई आउने प्रदेशस्तरीय कर्मचारीको क्षमता विकास, आवधिक निर्वाचन मार्फत निर्वाचित भई आउने जनप्रतिनिधिको अभिमूखीकरण र क्षमता विकास, प्रदेश र स्थानीय तहका विकास निर्माण र शासकीय सुधारमा सहजीकरण जस्ता उद्देश्यका साथ स्थापित यस प्रतिष्ठान संघीयता कार्यान्वयन र विकेन्द्रीकरणको एउटा नमूना पनि हो ।

यस आर्थिक वर्षका लागि उपलब्ध समय र देशमा सिर्जित कोरोना भाइरसको महामारीका कारण फिल्डस्तरमा कार्यक्रम कार्यान्वयन गर्ने संभावना नरहेको भएता पनि नयाँ स्थापित संस्थाको संस्थागत पूर्वाधार निर्माण गर्ने कामका लागि भने उपलब्ध समय महत्वपूर्ण रह्यो । प्रतिष्ठानका शासकीय संरचना (प्रशिक्षण परिषद् र कार्यकारी समिति)को कार्यान्वयन, प्रचारप्रशार सामग्रीको निर्माण, कार्यालयको भौतिक पूर्वाधार निर्माण, कर्मचारी व्यवस्थापन, मेशिनरी तथा औजारको खरीद, रणनैतिक र वार्षिक योजना तर्जुमा, संगठन तथा व्यवस्थापन सर्वेक्षण आदि छोटो अवधिमा सम्पन्न केही उल्लेखनीय कार्यहरू हुन् ।

प्रतिष्ठानका लागि आवश्यक कार्यालयको टुँङ्गो लाग्न नसक्नु, कर्मचारीको व्यवस्थापनमा ढिलाई, सवारी साधनको अभाव, समयमानै बजेट निकासा हुन नसक्नु जस्ता कुराहरूले कामको गतिमा केही अलमलको अवस्था सिर्जना गरेको भएता पनि देशव्यापी बन्दाबन्दीको अवस्थाका वावजुद संस्थालाई चलायमान बनाउने सन्दर्भमा ४ महिनाको समयको भरपुर उपयोग हुन सकेको कुरा यस अवधिमा सम्पादन गरिएका कार्यहरूले पुष्टि गर्दछन् । प्रतिष्ठानको वहुउद्देश्यीय भवनको डिजाइन तयारी र माटो परिक्षणको काम सम्पन्न हुनुलाई पनि यस आ.व.को महत्वपूर्ण उपलव्धी मान्नु पर्ने हुन्छ ।

## ७.२ सुझाव

प्रशिक्षण प्रशिक्षार्थिको कार्यसम्पादनमा परिवर्तन ल्याउने माध्यम बन्न सक्नु पर्दछ । प्रशिक्षण प्रभावकारी बनाउनका लागि प्रशिक्षक र पाठ्यक्रमको जति महत्व हुन्छ, प्रशिक्षण सञ्चालनको वातावरणको महत्व त्यो भन्दा कम हुँदैन । प्रशिक्षण केन्द्रको संस्थागत विकास र प्रशिक्षण कार्यक्रमको प्रभावकारीताका लागि निम्न सुझाव प्रस्तुत गरिएको छ ।

### (क) प्रतिष्ठानको कार्यालयको प्रवन्ध र प्रशिक्षण हलको व्यवस्था

हाल नगर विकास प्रशिक्षण केन्द्रका केहि कोठामा सिमित रहेको प्रतिष्ठानका लागि आवश्यक स्थानको प्रवन्ध र तालिम सञ्चालनका लागि तालिम कक्षको व्यवस्था तत्कालै गर्नु पर्ने देखिन्छ । स्थान अभावका कारण हाल कार्यरत कर्मचारीका लागि समेत दैनिक कार्य सञ्चालन गर्ने वातावरण नरहेको अवस्थामा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत PCGG का लागि खटिई आउने कर्मचारीको लागि आवस्यक कार्यस्थलको प्रबन्ध गर्नु आवश्यक छ ।

### (ख) सेवाकालीन र अन्य आवासीय तालिमका लागि होस्टेलको प्रवन्ध


आवासीय तालिमका लागि हाल होस्टेलको अभाव छ। यसका लागि तत्काल आवश्यक प्रवन्ध गर्न जरुरी छ । प्रदेश सभा सचिवालयको प्रयोगमा रहेको नगर विकास प्रशिक्षण केन्द्रको होस्टेललाई सो प्रयोजनका लागि उपयोग गर्न सकिने सम्भावना छ ।

### (ग) प्रतिष्ठानको भवन निर्माण

प्रतिष्ठानको भवन निर्माणको लागि आवश्यक डिजाइन तयार भइसकेको सन्दर्भमा भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत वहुवर्षीय ठेक्का प्रक्रिया भित्र पर्ने गरी निर्माण कार्य तत्काल सुरुवात गर्न जरुरी छ ।

### (घ) कर्मचारीको प्रवन्ध

प्रदेश लोक सेवा आयोगको गठन भई कर्मचारीको स्थायी पदपुर्ति नभए सम्मका लागि हाल ६ जनाको अस्थायी दरवन्दी स्वीकृत गरी कामकाज सञ्चालन गरीएको छ । संस्थाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी कर्मचारीको प्रवन्ध गरी प्रतिष्ठानलाई पूर्ण क्षमतामा सञ्चालन गर्न जरुरी छ ।




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
पोखरा, नेपाल
फोन: ०६१–५२०१४६
इमेल: academy.gandaki@gmail.com
वेबसाईट: www.gpta.org.np